# श्री वनस्पति समाज नेपाल को

# विधान

(२०७५)

## प्रस्तावना

देश र नागरिकको व्यापक हितका लागि समतामूलक, समुन्नत र प्रजातान्त्रिक नेपालको निर्माणका निमित्त अग्रसर हुन नेपालका वैज्ञानिकहरुको सिर्जनशीलता, अनुभव र क्षमता लाई संगठित र सुव्यवस्थित तवरले कियाशील तुल्याउन आवश्यक भएकोले वनस्पतिविद्हरुको ''वनस्पति समाज नेपाल'' नामको साझा संस्था गठन गर्ने पवित्र उद्देश्य लिई मौजुदा संविधान, ऐन, कानुन, नीति निर्देशनको परिधिमा रहि निस्वार्थ भावनाले स्वयंसेवी व्यक्तिहरु तथा सहयोगि निकायहरुद्धारा संगठित यस समाजको "यो विधान नेपालको संस्था दर्ता ऐन, २०३४ को अधिनमा रहि तयार गरिएको छ" ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संस्थाको नाम :

यस संस्थाको नाम "वनस्पति समाज नेपाल" रहनेछ । अंग्रेजीमा Botanical Society of Nepal रहनेछ। छोटकरीमा नेपालीमा "वसने" अंग्रेजीमा BSON रहनेछ।

क) संस्थाको कार्यालय रहने ठेगानाः-

यस संस्थाको कार्यालय काठमाडौ. जिल्ला कीर्तिपुर नगरपालिका वडा नं.-१० मा रहनेछ। यसका शाखा कार्यालयहरु सम्बन्धित प्रदेश तथा स्थानीय तहमा स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्य भित्र रहनेछन् ।

ख) संस्थाको कार्यक्षेत्रः-

यस वनस्पति समाज नेपाल को कार्यक्षेत्र काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं.-१० मा हुनेछ। आवश्यकता अनुशार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्य भित्र कार्य क्षेत्र विस्तार गरिनेछ ।

ग) प्रारम्भः-

यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्वः-

यो संस्था एक संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनितिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिइ परामर्श सेवा प्रदान गर्ने कार्य गरिने छैन ।

## २. परिभाषा :

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :-

क) "विधान" भन्नाले "वनस्पति समाज नेपालको विधान-२०७५"लाई सम्झनु पर्दछ ।

ख) "संस्था" भन्नाले वनस्पति समाज नेपाललाई जनाउँदछ ।

ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ) "सभा" भन्नाले यस विधान बमोजिम वसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ) "पदाधिकारी" भन्नाले समाजका कार्य समितिका सदस्य तथा पदाधिकारीहरुलाई सम्झनुपर्दछ।

च) "वनस्पतिविद्" भन्नाले यस विधानको दफा ८ मा उल्लेखित उद्देश्यहरु प्रति निष्ठावान रहेका यस समाजका सदस्यहरुलाई सम्झनु पर्दछ ।

छ) "केन्द्रिय कार्यसमिति" भन्नाले समाजको साधारण सभाबाट निर्वाचित कार्यसमिति संझनु पर्नेछ ।

ज) "सदस्य" भन्नाले समाजको विधान बमोजिम सदस्यता प्राप्त वनस्पतिविद्लाई संझनु पर्दछ ।

झ) "सल्लाहकार समाज" भन्नाले विधान बमोजिम गठित सल्लाहकार समाजलाई संझनु पर्दछ ।

ञ) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम संम्झनुपर्दछ ।

ट) "उपसमिति" भन्नाले केन्द्रिय कार्यसमितिले गठन गरेको उपसमितिलाई सम्झनुपर्दछ ।

ठ) "सचिवालय" भन्नाले केन्द्रिय कार्यसमितिद्वारा विधान बमोजिम गठन हुने सचिवालयलाई संझनु पर्छ ।

ड) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारिलाई जनाउँछ ।

ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको या तोकिए बमोजिम सम्झनु पर्दछ ।

ण) "स्थानीय तह" भन्नाले गाउँपालिका र महानगर/ उपमहानगर र नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउने छ ।

त) "शाखा कार्यालय" भन्नाले नेपाल राज्यको विभिन्न भागमा खोलिने यस समाजको शाखाहरुलाई जनाउँछ ।

थ) ‘‘प्रयोगशाला’’ भन्नाले वनस्पति सम्वन्धि अध्ययन अनुसन्धानको लागि स्थापना गरिएको संरचनालाई जनाउँछ ।

## ३. संस्थाको छाप तथा चिन्ह :

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रकृयाद्वारा तुरुन्त संशोधन गरिने छ ।

# परिच्छेद २

## ४. संस्थाको उद्देश्य :

प्रचलित ऐन कानुन तथा नेपाल सरकारको नीति निर्देशनको अधिनमा रहि सम्बन्धित निकायहरुसंग समन्वय राखी कार्यक्रम संचालन गर्ने गरी संस्थाको देहाय बमोजिम उद्देश्यहरु रहनेछ ।

क) यो समाज मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ,

ख) नेपालमा पाइने वानस्पतिक विविधता, यसको प्राकृतिक वातावरण, वनस्पति सम्पदाको संरक्षण, सम्वर्द्धन, सदुपयोग र विकासलाई प्राथमिकता दिई वनस्पति सम्बन्धी ज्ञान, विज्ञान र प्रविधि बारे अध्ययन, अनुसन्धान र शैक्षिक कार्यमा सघाउ पुर्‍याउँदै देश विकासमा योगदान दिने,

ग) वनस्पति बिषयको व्यापकतालाई हृदयंगम गरी यसको ज्ञान, विज्ञान र प्रविधिलाई समाजका सवै वर्गमा पुर्‍याउन तालिम तथा जनचेतनामूलक कार्यहरु सञ्चालन गर्ने,

घ) वनस्पति बिषयको व्यवसायमा लागेका सबै वर्गका बीचमा आपसी समन्वय, सम्भावना र सहयोगको भावनालाई अभिवृद्धि गर्दै जाने,

ङ) वनस्पति तथा सो संग संम्बन्धित विषयमा नयाँ खोज र उपलब्धि बारे विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरु संग सम्पर्क राखी विचार र सुचनाको आदान प्रदान गरी वनस्पतिको क्षेत्रमा हुने अनुसन्धानलाई टेवा दिने तिर प्रयत्नशिल रहने,

च) समाज उत्थान तथा शैक्षिक उन्नयनमा सहयोग पुग्ने विषय विज्ञ वा इच्छुक व्यक्तिहरुलाई आमन्त्रण गरी सामाजिक र शैक्षिक क्षेत्रमा अनुभव आदान प्रदान गर्ने,

छ) विधानको मूल भावनालाई आत्मसात् गरी साधारण सभा वा कार्यसमितिबाट निर्णय भएका अन्य कार्यहरु गर्ने,

ज) सभा, गोष्ठी, सम्मेलन आयोजना गर्ने र अध्ययन-अनुसन्धानका निष्कर्षहरुलाई आदान प्रदान एवम् प्रकाशन गर्ने,

झ) समान उद्देश्यका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरुसंग आपसी सम्बन्ध कायम गरी सहकार्य गर्ने,

## ५. यस संस्थाको उद्देश्य प्राप्त गर्न सकिने कार्यहरु :

यस सस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :

क) संस्थाले प्रचलित नेपालको कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति लिई आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन, निर्माण गर्न वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, फ्याक्स, फर्निचर जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा शर्तहरु निर्धारण गर्नेछ ।

घ) वनस्पति विषयमा, विशेष गरेर नेपालसँग सम्बन्धित रहने ज्ञान, विज्ञान, अनुसन्धान तथा प्रविधिलाई प्रचार प्रसार तथा सम्बर्द्धन गर्न आवश्यक्ता अनुसार लेख रचना, समचारपत्र, पत्रपत्रिका, जर्नल, पुस्तक पुस्तिका, पोष्टर, स्मारिका, निशानी सामाग्री, श्रव्यदृष्य सामाग्री, आदि प्रकाशन गर्ने ।

ङ) वनस्पति शास्त्र तथा सो संग संम्बन्धित विभिन्न वैज्ञानिक एवं प्राविधिक विषयहरुमा सभा, सम्मेलन, गोष्ठी, प्रवचन, प्रदर्शनी, आदिको आयोजना गर्ने तथा सहभागी हुने ।

च) संस्थाको लक्ष्य तथा उद्देश्य अनुरुप यसको हितको लागि प्राप्त हुने भौतिक, आर्थिक एवं वौद्धिक उपलब्धिहरुलाई व्यवस्थित रुपले सदुपयोग गर्ने ।

छ) नेपालका विभिन्न स्थानहरुमा वनस्पतिसँग सम्वन्धित जनचेतना फैलाउन संग्रहालय, प्रयोगशाला, प्रर्दशनीस्थल, संरक्षणस्थल, स्मृति वाटिका, उद्यान, पार्क स्थापना र व्यवस्थापन गर्न पहल गर्नेछ ।

ज) वनस्पति विधामा विशिष्ट र उल्लेखनीय योगदान दिएका स्वदेशी तथा विदेशी बैज्ञानिक तथा नागरिकहरुलाई यस समाजले विषेश सम्मान प्रदान गर्न सक्नेछ ।

झ) वनस्पति र सो सँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धानको लागी छात्रवृत्तिको व्यवस्था गर्ने ।

ञ) वनस्पति स्रोत र सो सँग सम्वन्धित परम्परागत ज्ञान, सीप र प्रविधीको सर्वेक्षण, अभिलेखिकरण गरी सो को जैविक अन्वेषण र प्रचलित कानुन वमोजिम पेटेन्ट लिने र सोबाट प्राप्त लाभको समन्यायिक वाँडफाँडको लागि पहल गर्नेछ ।

त) अन्य आवश्यक एवं समयोचित कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने ।

## परिच्छेद ३

## सदस्यता

## ६. सदस्यताको वर्गीकरण :

१) यस संस्थाको देहाय बमोजिम ४ (चार) प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ :
यस समाजको सदस्यता तोकिए बमोजिम केन्द्रिय कार्यसमितिले प्रदान गर्नेछ ।

**क) साधारण सदस्य :-**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरेमा सस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**ख) संस्थापक सदस्यहरु :-**

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारि संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजिवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

**ग) आजीवन सदस्य :-**

संस्थाको विकासको लागि विशेष सहयोग तथा योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

**घ) मानार्थ सदस्य :-**

यस संस्थाले उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यहरुको यस विधान बमोजिम हुने कुनै निकाय वा तहको निर्वाचनमा मत दिन वा उम्मेदवारी दिन पाउने छैन ।

## ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

क) नेपाली नागरिक भएको ।

ख) २१ वर्ष पुरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचार अभियोगमा सजाय नपाएको ।

च) मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पति शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर वा वनस्पति शास्त्र मुख्य विषय लिई स्नातक तहको योग्यता प्राप्त गरी नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा तीन वर्षको अनुभव भएको ।

## ८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :

देहायका अवस्थामा कुनै व्यक्ति संस्थाको  सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) २१ वर्ष पुरा नगरेको ।

ख) मगज बिग्रको वा बौलाएको ।

ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

घ) नैतिक पतन देखिने, फौजदारी र भ्रष्टाचारीको  अभियोगमा सजाय पाएको ।

ङ) सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।

च) साहूको दामासाहीमा परेको ।

## ९. सदस्यताको समाप्ति :

**१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यतामा बहाल रहने छैन ।**

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५% को सदस्यको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा बेईमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि समाजले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद् पेश गर्ने मौका दिइने छ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको दफा ६ बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**१. साधारण सदस्य :-**

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. १००/- (अक्षरेपि एक सय मात्र) र वार्षिक शुल्क वापत रु. ५००/- (अक्षरेपि पाँच सय मात्र) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु. ५००/- (अक्षरेपि पाँच सय मात्र) बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ । र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्ने छ ।

**२. संस्थापक सदस्य :-**

क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरुको ले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्ने छन् ।

**३. आजीवन सदस्य :-**

यस संस्थामा एकमुष्ट शुल्क रु. ५,१००/- (अक्षरेपि पाँच हजार एक सय मात्र) बुझाई तोकिएको प्रक्रिया अर्न्तगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ ।

**४. मानार्थ सदस्य :-**

साधारण सभाको निर्णयले उपयुक्त ठानेको वनस्पति विधामा उल्लेखनीय योगदान गर्ने समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

६. सबै सदस्यहरुले यस विधान र विधान अर्न्तगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था

### ११. साधारण सभाको गठन :

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभा : संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तिमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ (छ) महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु पनि आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिनेछ ।

४. यस समाजको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ (पन्ध्र) दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाईनेछ ।

## १२. साधारण सभाको काम कर्तव्य र अधिकारः

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्य समितिले पेश गरेको योजना, कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिन ।

ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अर्न्तगत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यक्ता अनुरुप स्वीकृती प्रदान गर्ने ।

## १३. कार्य समितिको गठन

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ११ सदस्यको एक कार्य समिति गठन गरिने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |

सह सचिव १

कोषाध्यक्ष १

सदस्यहरु ६

२. कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ,

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्य समितिका सदस्यहरुको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ तर अन्य पदहरुका लागि बिधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृया द्वारा पदपुर्ति गरिने छ ।

४. कार्य समितिको बैठक आवश्यक्ता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्नेछैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय पुस्तिकामा लेखि राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ, तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको संम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यका संम्बन्धमा कार्य समितिका सबै पदाधिकारिहरु लिखितरुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरि त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ ।

## १४. कार्य समितिको काम कर्तव्य र अधिकारः

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको वार्षिक, कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तीको लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत साधन जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा, आदि सम्बन्धित कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

९. संस्थाको उद्देश्य परिपूर्तिकोलागी आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यक्त अनुरुप कार्यको बाँडफाँड गरिदिने ।

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## १५) पद त्याग गर्न सक्ने:

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष लिखित राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## १६. अन्य समितिहरुः

**१.** यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्ने छ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।

२. उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

# <u>परिच्छेद ५</u>

# पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

## १७. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

## १. अध्यक्षको काम कर्तव्य र अधिकार:

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व लिने ।

ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिबलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

## २. उपाध्यक्षको काम कर्तव्य अधिकार :

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

## ३. सचिवको काम, कर्तव्य र अधिकार :

क) संस्थाको सचिवालयको रेखदेख र दैनिक कार्य संचालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

ङ) संस्थाको प्रतिवेदन तयार पार्ने र बैठक सभाहरुमा पेश गर्ने ।

## ४. सहसचिवको काम, कर्तव्य र अधिकार :

क) सचिवलाई सहयोग गर्ने,

ख) सचिवले दिएको जिम्मेवारी पूरा गर्ने,

ग) सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

## ४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमितरुपमा वार्षिक लेखा परीक्षण गराउने ।

ङ) वार्षिक आय व्यय विवरण लेखा परीक्षण गराई आगामी वर्षको लागि बजेट तयार गरी साधारण सभामा पेश गर्ने ।

## ५. सदस्यहरुको काम, कर्तव्य र अधिकार :

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) कार्य समितिले दिएका जिम्मेवारीहरु पूरा गर्ने ।

## १८. गणपूरक संख्याः

१. कूल सदस्य संख्याको ६७% (सड्सट्ठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१% (एकाउन्न) प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६

## आर्थिक व्यवस्था

### १९. संस्थाको कोषः

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् :

क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रिबाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम ।

ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार, समाज कल्याण परिषद्बाट स्वीकृत लिइने छ ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

४. अचल सम्पत्ति विकि गर्दा स्थानिय अधिकारिको पुर्व स्विकृति लिईने छ ।

### २०. खाता संचालनः

संस्थाको बैंक खाता अध्यक्ष र कोपाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

### २१. कोषको रकम खर्च गर्ने तरिका :

संस्थाको कोष जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नुपर्नेछ ।

### २२. संस्थाको लेखा र लेखा परीक्षणः

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफैं वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुने छ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जिल्ला समन्वय समिति, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धि व्यवस्था

### २३. निर्वाचन सम्बन्धि व्यवस्थाः

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्ने छ ।

३. निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भएको भोली पल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

### २४. उम्मेदवार हुने योग्यता :

कार्य समितिको उम्मेदवार हुन "वनस्पति समाज नेपाल" को साधारण वा आजीवन सदस्य हुनुपर्नेछ ।

### २५. अविश्वासको प्रस्ताव :

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीहरुको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्नेछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्दछ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्दछ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा समक्ष प्रस्तुत गर्नेछ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव

पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उपदफा ३ (क) बमोजिक अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव, जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि भनाईहरु राख्न अनुमति दिइने छ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर वा

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ (छ) महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईनेछैन ।

## २६. विधान संशोधनः

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारीस गरी पठाउनु पर्ने छ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र समाजको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

## २७. नियम बनाउन सक्नेः

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही समाजको कार्य संचालन र उद्देश्य

कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धि विनिमय बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## २८. कर्मचारीको व्यवस्थाः

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्था संचालन गर्न विदेशी सल्लाहकार वा स्वंय सेवक राख्ने अवस्था भएमा निजले समाज कल्याण परिषद्को स्विकृति लिई काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला समन्वय समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराईने छ ।

## २९. संस्था खारेजी :

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणवस समाज विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफरक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

## ३०. व्याख्याः

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

## ३१. गोप्यता भंग गर्न नहुनेः

यस संस्थाको कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्द प्रयोग गन पाईने छैन ।

## ३२. ऐन अनुसार हुनेः

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

## ३३. निर्देशनको पालनाः

नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य

हुनेछ ।

## ३४. तदर्थ समितिः

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निवार्चन समितिको गठन गरी नयाँ कार्य समितिको निवार्चन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिईनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले निर्वाचन गराउने छ र सो को जानकारि स्थानीय अधिकारिलाई दिइने छ ।

## ३५. हामी वनस्पति समाज नेपालका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीहरुको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर, वतन र सहिछाप |
|---|---|
| १. नाम, थरः प्रा० डा० मोहन सिवाकोटी<br>स्थायी ठेगाना :अर्जुनधारा न. पा.-६<br>प्रदेश :१<br>जिल्ला :झापा<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिकाः<br>वार्ड नं.: ६ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर | १. नाम, थरः प्रा० डा० मोहन प्रसाद पन्थी<br>ठेगानाः पाणीनी गाँऊपालिका-७<br>प्रदेशः५<br>जिल्लाः अर्घाखाँची<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिकाः<br>वार्ड नं.: ७ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर |
| २. नाम, थरः सन्जीव कुमार राई<br>ठेगानाः भरौल-३<br>प्रदेशः१<br>जिल्लाःसुनसरि<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिकाः<br>वार्ड नं.: ३ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पति विभाग, थापाथली | २. नाम, थरः प्रा० डा० संगिता राजभण्डारी<br>ठेगानाः काठमाण्डौं-२२<br>प्रदेशः३<br>जिल्लाः काठमाण्डौं<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिकाः<br>वार्ड नं.: २२ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर |
| ३. नाम, थरः डा० हरि प्रसाद अर्याल<br>ठेगानाः रंगेलि न. पा.-७<br>प्रदेशः १<br>जिल्लाःमोरङ्ग<br>वार्ड नं.: ७ ब्लक नं.: x मार्गः x<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर | ३. नाम, थरः प्रा० डा० राम कैलाश प्रसाद यादव<br>ठेगानाः<br>प्रदेशः२<br>जिल्लाः पर्सा, विरगंञ्ज<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिकाः<br>वार्ड नं.: ३१ व्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर |
| ४. नाम, थरः डा० भुवन केशर शर्मा<br>ठेगानाः चन्द्रागिरी न. पा.-२<br>प्रदेशः३<br>जिल्लाः काठमाण्डौ<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिकाः<br>वार्ड नं.: २ ब्लक नं.: मार्गः<br>हालको ठेगाना :ऐ. | ४. नाम, थरः प्रा० डा० विजया पन्त<br>ठेगानाः ललितपुर - १३<br>प्रदेशः३<br>जिल्लाः ललितपुर<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिकाः<br>वार्ड नं.: १३ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर |

| | |
|---|---|
| ५. नाम, थर: डा० नारायण घिमिरे<br>ठेगाना: मदनपोखरा, तानसेन न. पा.-७<br>प्रदेश: ५<br>जिल्ला: पाल्पा<br>वार्ड नं.: ९ ब्लक नं.: मार्ग:<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर | ५. नाम, थर: प्रा० डा० हरि दत्त भट्टराई<br>ठेगाना: काली गण्डकी गाऊँपालिका-४<br>प्रदेश:४<br>जिल्ला:स्याङ्जा<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिका:<br>वार्ड नं.: ४ ब्लक नं.: मार्ग:<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर |
| ६. नाम, थर: डा० अन्जना गिरी<br>ठेगाना: काठमाण्डौं म. पा.-१<br>प्रदेश:३<br>जिल्ला: काठमाण्डौं<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिका:<br>वार्ड नं.: ब्लक नं.: ३२१ मार्ग: देविमार्ग<br>हालको ठेगाना :नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, खुमलटार, ललितपुर | ६. नाम, थर: डा० संञ्जय कुमार झा<br>ठेगाना: मनरा शिशुवा-६<br>प्रदेश:२<br>जिल्ला:महोत्तरी<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिका:<br>वार्ड नं.: ६ ब्लक नं.: मार्ग:<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर |
| ७. नाम, थर: दिपक लामिछाने<br>ठेगाना: फेदिखोला गाऊँपालिका-३<br>प्रदेश:४<br>जिल्ला:स्याङ्जा<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिका:<br>वार्ड नं.: ३ ब्लक नं.: मार्ग:<br>हालको ठेगाना :राष्ट्रिय वनस्पति उद्यान, गोदावरी, ललितपुर | ७. नाम, थर: डा० चन्द्र प्रसाद पोखरेल<br>ठेगाना: धुर्कोट गाऊँपालिका-१<br>प्रदेश: ५<br>जिल्ला: गुल्मी<br>महानगरपालिका/नगरपालिका/ गाऊँपालिका:<br>वार्ड नं.: १ ब्लक नं.: मार्ग:<br>हालको ठेगाना : वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर |

## अनुसूचि - १

हरीयो आयताकार पृष्टभूमीमा "वनस्पति समाज नेपाल" देवनागरी र "BOTANICAL SOCIETY OF NEPAL" रोमन लिपीमा सेतो अक्षरमा लेखिएको हुने र यसैको माथि अर्धचन्द्राकार वृत्त भित्र दुई हत्केलाको बिचमा सतुवाको विरुवा अंकित चिन्ह संस्थाको छाप रहने छ ।